चिचिला गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र


खण्डः ७ सङ्ख्याः ६ मितिः २०८०/०१/०३


भाग - १

## चिचिला गाउँपालिका

# आर्थिक ऐन, २०८० संशोधन


चिचिला गाउँपालिका

**प्रस्तावनाः**

चिचिला गाउँपालिकाको आर्थिक वर्ष ०७९।०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (१) र उपधारा (२) तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम चिचिला गाउँ सभाले यो ऐन स्विकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस विधेयकको नाम "आर्थिक विधेयक, २०८० संशोधन" रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशन भएको मिति देखि चिचिला गाउँपालिका क्षेत्रमा लागु हुनेछ। **सवारी**

२. **आवत जावत कर**:गाउँपालिका क्षेत्रबाट आवतजावत हुने सवारी साधनमा देहाय बमोजिम सवारी आवतजावत कर लगाइने र असुल उपर गरिनेछ ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | Heavy Equipment Machine सञ्चालन गर्ने व्यवसायीलाई | ६ महिनाभन्दा कम समय | | ६००० |
| | | ६ महिनाभन्दा बढि समय | | १०००० |
| २ | पटके कर | साना सवारीको | प्रति पटक | २० |
| | | ठूला | प्रति पटक | ५० |
| ३ | स्थानीय सडकमा गुड्ने | साना र चिचिला गाउँपालिकाभित्र गुड्ने | प्रति पटक | २० |
| | स्थानीय सडकभित्र गुड्ने (राजमार्ग) | साना र चिचिला गाउँपालिकाभित्र गुड्ने | | ५० |
| | | ठूला सवारी | | २०० |
| ४. | न्यायिक समिति प्रतिवाद अथवा प्रति उत्तर दस्तुर | | एक पटक | ३०० |

चिचिला गाउँपालिका